# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७६।१०।२२

## शोक विज्ञप्ति

वरिष्ठ पत्रकार दुर्गानाथ शर्माको उपचारका क्रममा आज विहान ११:०० बजे मनमोहन कार्डियोथेरासिक भस्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टर, शिक्षण अस्पतालमा निधन भएको दु:खद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ । मुटुसम्बन्धी रोगबाट ग्रसित ७२ वर्षीय शर्मालाई पछिल्लो समय रक्तचाप र पिसावमा समेत समस्या देखिएपछि ५ दिनअगाडि उपचारका लागि शहीद गंगालाल हृदयरोग केन्द्रमा भर्ना गरिएकोमा हिजो मंगलबार उक्त अस्पतालमा ल्याइएको थियो । स्वर्गीय शर्माका श्रीमती र दुई छोरा हुनुहुन्छ ।

वि.स. २००४ साल जेठ १४ गते इलाममा जन्मनु भएका शर्माले गोरखापत्र दैनिकको सम्वाददातको रुपमा पत्रकारिता सुरु गुर्न भएको थियो । शर्माले रेडियो नेपाल हुँदै नेपाल टेलिभिजनमा स्थापनाकालदेखि नै आवद्ध रही महाप्रबन्धकको जिम्मेवारी वहन गर्दै ९ वर्षअगाडि टेलिभिजनबाट अवकास लिनु भएको थियो । तत्पश्चात एभिन्यूज टेलिभिजन, माउन्टेन टेलिभिजनलगायतमा आवद्ध रहेर काम गर्नुभएका शर्माले पछिल्लो समय साहित्य क्षेत्रमा समेत कलम चलाउनु भएको थियो । उहाँद्वारा लिखित ‘बिनाराहदानीको विदेश यात्रा’, ‘छाल’ लगायतका पुस्तक प्रकाशित भएका छन् । नेपालको टेलिभिजन पत्रकारिता क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याउनु भएका शर्माको निधनले नेपाली पत्रकारिता जगतले एक जना कुशल, अनुभवी, निर्भीक र व्यावसायिक पत्रकारलाई गुमाएको छ ।

नेपाल पत्रकार महासंघ स्वर्गीय शर्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारणाको कामनासहित गहिरो समवेदना प्रकट गर्दछ ।

रमेश विष्ट
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org